राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३१ २०८३ असार १७ गते बुधवार (01 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशमा ४.३६ प्रतिशत धान रोपाइँ, कुन प्रदेशमा कति ?




**वीरेन्द्र कर्ण**

जनकपुरधाम, १६ असार । अन्नको भण्डारका रूपमा परिचित मधेश प्रदेशमा मनसुन सक्रिय भई नियमित वर्षा हुन थालेसँगै धान रोपाइँले गति लिन थालेको छ। कृषि विकास निर्देशनालय, नक्टाझिजका अनुसार हालसम्म प्रदेशमा कुल खेतीयोग्य धान क्षेत्रफलको ४.३६ प्रतिशत अर्थात् १६ हजार ७११ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ।

निर्देशनालयका सूचना अधिकारी सुदीप चौधरीका अनुसार मधेश प्रदेशका आठ जिल्लामा करिब ३ लाख ८२ हजार ४३६ हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ। रौतहट र पर्साबाहेक अधिकांश जिल्लामा धान रोपाइँ सुरु भइसकेको छ भने वर्षा नियमित भए आगामी दिनमा रोपाइँको गति अझ तीव्र हुने अपेक्षा गरिएको छ।



जिल्लागत विवरणअनुसार धनुषामा ४३ हजार ७ सय हेक्टरमध्ये ३ हजार ५९ हेक्टर, महोत्तरीमा ४० हजार हेक्टरमध्ये ३ हजार २६६ हेक्टर, बारामा ४५ हजार १ सय हेक्टरमध्ये ३ हजार २५० हेक्टर तथा सिरहामा ५४ हजार हेक्टरमध्ये २ हजार ७ सय हेक्टर क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ। त्यसैगरी सप्तरीमा ६८ हजार हेक्टरमध्ये ३ हजार ४ सय हेक्टर र सर्लाहीमा ४२ हजार ६ सय ९५ हेक्टरमध्ये १ हजार १३६ हेक्टर क्षेत्रमा धान रोपाइँ सकिएको निर्देशनालयले जनाएको छ।

यसबीच, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले धानबालीका लागि आवश्यक पर्ने युरिया र डीएपी मल पर्याप्त मौज्दातमा रहेको जनाएको छ। मन्त्रालयका अनुसार यस वर्ष धानखेतीका लागि रासायनिक मलको अभाव नहुने दाबी गरिएको छ।प्रदेशका ८ वटै जिल्लाका १३६ स्थानीय तहका लागि ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल बाँडफाँड गरिएको छ। जसमध्ये सप्तरीका लागि ६७५ मेट्रिक टन युरिया र १ हजार ३५ मेट्रिक टन डीएपी, सिरहाका लागि १ हजार ७२ मेट्रिक टन युरिया र १ हजार १३६ मेट्रिक टन डीएपी, धनुषाका लागि ९२६ मेट्रिक टन युरिया र ७७८ मेट्रिक टन डीएपी तथा महोत्तरीका लागि ८८० मेट्रिक टन युरिया र ७४० मेट्रिक टन डीएपी छुट्याइएको छ।

यस्तै सर्लाहीका लागि १ हजार ९३ मेट्रिक टन युरिया र ९११ मेट्रिक टन डीएपी, रौतहटका लागि ८७५ मेट्रिक टन युरिया र ७३६ मेट्रिक टन डीएपी, बाराका लागि ८११ मेट्रिक टन युरिया र ६८१ मेट्रिक टन डीएपी तथा पर्साका लागि ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिक टन डीएपी विनियोजन गरिएको मन्त्रालयले जनाएको छ।

यद्यपि, सरकारले पर्याप्त मल मौज्दात रहेको दाबी गरे पनि किसानले भने सहज रूपमा मल प्राप्त गर्न नसकेको गुनासो गरेका छन्। स्थानीय तहहरूले समयमै आफ्नो कोटाअनुसारको मल नउठाउने, साथै सहकारी संस्थाहरूले मल वितरणमा आफ्ना सदस्यलाई प्राथमिकता दिने प्रवृत्तिका कारण धेरै किसान अझै पनि मलबाट वञ्चित भएको उनीहरूको भनाइ छ।

मधेश प्रदेश सरकारले 'खेतखेतमा पानी' भन्ने नारासहित कृषि उत्पादन वृद्धि गर्ने लक्ष्य अघि सारे पनि सिँचाइ पूर्वाधार अपेक्षाअनुसार विस्तार हुन सकेको छैन। अधिकांश खेती अझै पनि वर्षामुखी रहेकाले किसानहरू आकाशे पानीकै भरमा धान रोप्न बाध्य छन्। यस वर्ष भने समयमै मनसुन भित्रिएर पर्याप्त वर्षा हुन थालेपछि किसानहरू उत्साहका साथ धमाधम धान रोपाइँमा जुटेका छन्।

## साउदी सरकारद्वारा ३३ नेपाली कैदीलाई 'माफी'

दैनिक समाचारदाता

काठमाडौँ, १६ असार । साउदी अरब सरकारले त्यहाँका विभिन्न जेलमा सजाय काटिरहेका ३३ जना नेपाली कैदीलाई 'माफी' दिएको छ । रमजान महिनाको अवसरमा साउदी सरकारले ती नेपालीलाई आममाफी दिएको हो ।

नेपाल सरकार, परराष्ट्र मन्त्रालयले मङ्गलबार विज्ञप्ति जारी गर्दै नेपाली नागरिकलाई शाही माफी दिएकोमा साउदी अरब सरकारप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता प्रकट गरेको छ ।

नेपाल सरकारले साउदी सरकारको यस सहृदयी कदमको उच्च प्रशंसा गर्दै यसलाई नेपाल र साउदी अरबबिचको लामो समयदेखिको मित्रता, सद्भाव र प्रगाढ द्विपक्षीय सम्बन्धको प्रतिबिम्बका रूपमा लिएको जनाएको छ ।

रियादस्थित नेपाली दूतावासमार्फत नेपाल सरकारले गरेको विशेष अनुरोधका आधारमा साउदी सरकारले नेपाली कैदीलाई सो माफी प्रदान गरेको परराष्ट्र मन्त्रालयले स्पष्ट पारेको छ ।

शाही माफी पाएका ती नेपाली नागरिक साउदी अरबको आवश्यक कानुनी प्रक्रिया पूरा गरेर छिट्टै नेपाल फर्कने मन्त्रालयले जनाएको छ ।

## १० फरार प्रतिवादी पक्राउ

दैनिक समाचारदाता

रौतहट, १६ असार । जिल्ला अदालत रौतहटबाट विभिन्न मुद्दामा दोषी ठहर भई सजाय तथा जरिवाना तोकिएपछि लामो समयदेखि फरार रहेका १० जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले फरार प्रतिवादी पक्राउ गर्ने विशेष अभियानअन्तर्गत विभिन्न स्थानबाट उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउ परेकामध्ये अधिकांश चेक अनादर मुद्दाका प्रतिवादी रहेका छन् भने कुटपिट तथा लेनदेन बिगोसम्बन्धी मुद्दाका प्रतिवादी पनि रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमका अनुसार पक्राउ पर्नेमा गरुडा नगरपालिका(५ का ओमनाथ गिरी, शिवशंकर पाण्डे र राकेश कुमार जैसवाल, गरुडा(३ का पनिलाल सहनी, कटहरिया नगरपालिका(७ का सोनालाल भगत, माधवनारायण नगरपालिका(४ का परशुराम यादव र राजदेव यादव तथा गढीमाई नगरपालिका(९ का रामईश्वर सहनीलगायतका प्रतिवादी रहेका छन् ।

प्रहरीका अनुसार अदालतले तोकेको कुल ६ हजार ७०० रुपैयाँ जरिवाना असुल गरी फैसला कार्यान्वयनका लागि पक्राउ परेका सबै प्रतिवादीलाई मंगलबार जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको छ ।

प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादी खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिने जनाएको छ ।

## बोक्सी कुप्रथा अन्त्यका लागि जनचेतनामा जोड



दैनिक समाचारदाता

जनकपुरधाम, १६ असार । प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुरले बोक्सी कुप्रथा अन्त्यका लागि घटना घटेपछि मात्र होइन, त्यसअघि नै गाउँ-गाउँमा व्यापक जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको छ।

मङ्गलबार जनकपुरधाममा 'मान्छे कहिल्यै बोक्सी हुँदैन' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालद्वारा आयोजित जनचेतनामूलक कार्यक्रम तथा वृत्तचित्र प्रदर्शनलाई सम्बोधन गर्दै उहाँले बोक्सीको आरोपका नाममा हुने अमानवीय व्यवहार र सामाजिक विभेद अन्त्य गर्न राज्य, स्थानीय तह तथा समुदाय सबैको साझा प्रयास आवश्यक रहेको बताउनुभयो।


उहाँले यस्ता अभियानलाई देशव्यापी रूपमा प्रभावकारी बनाउन सङ्घीय सरकारसँग आवश्यक पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

कार्यक्रममा बोक्सीको आरोपका कारण पीडित बनेका दुई महिलालाई सम्मान गरिएको थियो। जनकपुरधाम उपमहानगरपालिका-१५ की वडा सदस्य शिला दास तथा जनकपुरधाम-२५, लोहनाकी सुमित्रादेवी सदालाई उपसभामुख ठाकुरले सम्मान गर्नुभएको थियो।


प्रतिष्ठानका अध्यक्ष तथा अभियन्ता कोविदशरण उपाध्यायका अनुसार पछिल्ला दुई वर्षमा मधेश प्रदेशका

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट
बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# धान दिवसको उत्सवभन्दा किसानको पीडा ठूलो

राष्ट्रिय धान दिवस नेपाली कृषिसँग जोडिएको महत्वपूर्ण पर्व हो। हरेक वर्ष असार १५ मा धान रोपाइँसँगै किसानको श्रमको सम्मान गरिन्छ। यस वर्ष पनि मधेश प्रदेशका विभिन्न जिल्लामा जनप्रतिनिधि, सरकारी अधिकारी र किसानहरू खेतमा उत्रिएर धान रोपाइँमा सहभागी भए। तर उत्सवमय वातावरणबीच एउटा गम्भीर यथार्थ लुकेको छ–पर्याप्त वर्षा नहुँदा मधेशका अधिकांश जिल्लामा धान रोपाइँ प्रभावित भएको छ। यसले कृषि र खाद्य सुरक्षामाथि गम्भीर प्रश्न खडा गरेको छ।


मधेशलाई देशको अन्नभण्डार मानिन्छ। तर यहाँका अधिकांश किसान अझै पनि आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन्। सरकारले वर्षौंदेखि सिँचाइ विस्तारका योजना र “खेत-खेतमा पानी“ जस्ता नारा अघि सारे पनि ग्रामीण क्षेत्रमा यसको प्रभाव अपेक्षित रूपमा देखिएको छैन। पानीको अभावले धानका बेर्ना सुक्न थालेका छन्, खेत चर्किएका छन् र किराको प्रकोपसमेत बढेको छ। यस्तो अवस्थामा किसानले ठूलो आर्थिक जोखिम बेहोर्नुपरेको छ।

किसानका समस्या नयाँ होइनन्। समयमा रासायनिक मल नपाउने, गुणस्तरीय बीउको अभाव, सहज कृषि ऋण नपाइने, उत्पादनको उचित मूल्य नपाउने र बजार व्यवस्थापन कमजोर रहने समस्या हरेक वर्ष दोहोरिने गरेका छन्। धान दिवसका अवसरमा यी विषयमा प्रतिबद्धता व्यक्त गरिए पनि व्यवहारमा अपेक्षित सुधार देखिएको छैन। कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने हो भने नीतिभन्दा बढी प्रभावकारी कार्यान्वयन आवश्यक छ।

जलवायु परिवर्तनले कृषि क्षेत्रलाई थप असुरक्षित बनाइरहेको छ। कहिले बाढी त कहिले खडेरीले किसानलाई मारमा पारिरहेको छ। त्यसैले अब परम्परागत खेती प्रणालीमा मात्र निर्भर भएर पुग्दैन। जलवायुमैत्री कृषि प्रविधि, भरपर्दो सिँचाइ, कृषि बीमा, उन्नत बीउबिजन तथा आधुनिक खेती प्रणालीको विस्तारमा सरकारले विशेष ध्यान दिनुपर्छ।

धान दिवसको सार्थकता खेतमा एक दिन हिलो खेल्नुमा होइन, किसानको जीवनमा स्थायी परिवर्तन ल्याउनुमा छ। किसानलाई सम्मान गर्ने सबैभन्दा प्रभावकारी उपाय भनेको उत्पादनको सुरक्षा, उचित मूल्य, सहज बजार र भरपर्दो सिँचाइको व्यवस्था गर्नु हो। अन्यथा धान दिवस प्रत्येक वर्ष औपचारिकतामै सीमित हुनेछ र किसानका समस्या उस्तै रहनेछन्। कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो भने किसान त्यसका आधारस्तम्भ हुन्। उनीहरूको श्रमको सम्मान भाषण र समारोहबाट होइन, प्रभावकारी कृषि नीति, पर्याप्त लगानी र परिणाममुखी कार्यक्रमबाट हुनुपर्छ। धान दिवसले यही सन्देश दिन सके मात्र यसको वास्तविक उद्देश्य पूरा हुनेछ।

# बजेटको कर नीतिले कसलाई खुशी बनायो ?



प्रकाश रेग्मी

“डोन्ट ट्याक्स यु, डोन्ट ट्याक्स मि, ट्याक्स द फेलो बिहाइन्ड द ट्री”

राज्यको कर नीति सम्बन्धमा माथिको भनाइ अमेरिकी राजनीतिक अनि आर्थिक बहसमा अत्यन्त लोकप्रिय भनाइ हो । यो भनाइ पहिलो पटक सन् १९७३ मा लुसियाना राज्यका डेमोक्रेटिक सिनेटर रसेल लंगले कर नीति मस्यौदा गर्दा शक्तिशाली स्वार्थ समूहको चलखेललाई इंगित गर्दै भनेका थिए । सन् १९६६ देखि १९८१ सम्म सिनेटको वित्त समितिको अध्या॥ रहेका उनी अमेरिकी कर संकेत ( कोड) का मर्मज्ञ समेत मानिन्थे ।

लंगको यो भनाइले कर नीति निर्माणमा स्वार्थ समूहको चलखेललाई मात्र इंगित गर्दैन, कर नीति निर्माण गर्न शक्तिमा बसेका व्यक्तिहरू अनि सार्वजनिक सेवा लिन तत्पर तर कर तिर्न अनिच्छुक नागरिकलाई पनि उत्तिकै तिखो व्यंग्य गर्दछ । यसैले यो भनाइ आजकल “डोन्ट ट्याक्स मि, डोन्ट ट्याक्स यु, ट्याक्स द पर्सन बिहाइन्ड यु” को रूपमा सरलीकृत हुँदै कर सम्बन्धी विश्वविद्यालयका पाठ्यक्रममा पनि उद्धृत हुन्छ।

कर नीतिको केन्द्रीय प्रश्न राज्यलाई आवश्यक पर्ने स्रोत कहाँबाट र कसरी उठाउने भन्ने हो। कर नीति वा करका संकेत (कोड) हरू मस्यौदा गर्नु विश्वभर नै अत्यन्त जटिल अनि संवेदनशील वि॥य मानिन्छ। एकातिर सरकारलाई राज्यको विकासको लागि आवश्यक स्रोत जुटाउनुपर्ने दायित्व हुन्छ, अर्कोतिर राजनीतिक र स्वार्थ समूहको तानातान तीव्र हुन्छ ।

सत्तारुढ दलले आफ्नो मतदाता आधार वा आफ्नो राजनीतिक उद्देश्यसँग मेल खाने वर्गलाई सहुलियत दिनु अपे॥त नै हुन्छ। एक वर्गलाई सहुलियत दिंदा त्यसको भार अर्को वर्गले बेहोर्नुपर्छ ।

यसर्थ यो प्रश्न केवल अर्थशास्त्रको होइन, यो मूलतः समाज, वर्ग र शक्ति सम्बन्धसँग जोडिएको वि॥य हो ।

यी सबै वि॥य बीच सन्तुलन कायम राख्नु सानो चुनौती होइन। यसै परिप्रे॥यमा प्रस्तुत लेखमा आगामी आवको बजेटको समग्र विश्ले॥ण वा बजेटको समग्र कर नीति भन्दा पनि आगामी आवको बजेटमा गरिएका करका केही महत्वपूर्ण बदलावलाई राजनीतिक अर्थव्यवस्थाको कोणबाट हेर्ने प्रयास गरिएको छ।

करलाई मूलतः प्रत्य॥ र अप्रत्य॥ गरी दुई प्रकारमा विभाजन गरिन्छ। प्रत्य॥ कर (जस्तैः आय कर, सम्पत्ति कर) मा करको भार करदाता आफैंले बहन गर्दछन प्रत्य॥ करको सिद्धान्त सामाजिक न्यायको दृ॥टले उचित मानिन्छ, जसमा सामान्यतया धेरै कमाउनेले धेरै कर तिर्दछन्। र यसले समाजमा व्याप्त आयको असमानता घटाउन मदत पुऱ्याउँछ। यसमा करदाता स्वयंले प्रत्य॥ रूपमा कर तिरेको महसुस गर्ने हुनाले सार्वजनिक खर्चको जवाफदेही पनि बढाउँछ।

यसलाई स्वचालित र तुलनात्मक रूपमा स्थिर किन मानिन्छ भने यो अर्थतन्त्रको वृद्धि सँगै घट्ने र बढ्ने गर्दछ। तसर्थ यसलाई प्रगतिशील करको रूपमा संसारभरि नै लिइन्छ। तर कमाइ बढेसँगै करको दर वा परिमाण सामान्यतया स्वतः बढ्ने (उच्च सिमान्त दर) कारणले उपभोग, बचत र लगानी निरुत्साहित हुनसक्ने र करको दायरा फराकिलो बनाउन स॥म प्रशासनिक संरचना अनिवार्य हुने भएकोले यसका आफ्नै सीमाहरू पनि छन ।

यसको विपरित अप्रत्य॥ कर (जस्तैः मूल्य अभिवृद्धि दर (मूअक), अन्तःशुल्क, भन्सार) मा करको भार अन्तिम उपभोक्तामा हस्तान्तरण हुन्छ। यसको आधार व्यापक हुनाले औपचारिक अनि अनौपचारिक दुवै ॥त्रबाट राजस्व संकलन सहज हुन्छ र प्रशासनिक झन्झट पनि कम हुन्छ। तर यो करको सबैभन्दा ठूलो कमजोरी नै यसको प्रतिगामी प्रकृति हो ।

धनीको तुलनामा गरिबले आफ्नो आयको ठूलो हिस्सा उपभोगमा खर्च गर्ने भएकोले समान दरको उपभोगमा लाग्ने जस्तैः मूअकले अन्तिममा गरिबमाथि बढी भार पर्दछ। तसर्थ राजनीतिक अर्थशास्त्रको दृ॥टकोणले सरकारसामु सबैभन्दा ठूलो चुनौती नै यी दुई खालका कर बीच न्यायोचित सन्तुलन कायम गर्नु हो।

यस परिप्रे॥यमा आगामी आर्थिक व॥को बजेट हेर्दा व्यक्तिगत आयकरको छुटको सीमा बढाइनु र आयकरको उच्च दरलाई घटाइनु, अनि सूचनाप्रविधि ( आईटी) सेवामा व्यापक छुट दिइनुले सरकारले कुन वर्गलाई प्राथमिकतामा राखेको छ भन्ने सहजै बुझिन्छ। यो कर नीतिको सबैभन्दा ठूला लाभार्थी उच्च आय भएका तलबकर्मी र व्यवसायी हुन १० लाखसम्मको आयलाई करमुक्त गर्दा र सरकारी तलब बढ्दा निम्न मध्यम तथा मध्यम वर्ग पनि केही लाभान्वित हुन्छन ।

आईटी सेवा निर्यातमा ५० प्रतिशत छुट, स्वेट इक्विटीमा १०० प्रतिशत कर छुट र स्टार्टअपलाई ५ व॥को आयकर छुट जस्ता व्यवस्थाहरू हेर्दा सापे॥क रूपमा उच्च र मध्यम वर्गलाई नै फाइदा हुने खालका छन ब्रेन ड्रेनको समस्या उच्च रहेको समयमा आईटी ॥त्रमा देखिएको सेवा निर्यातको सम्भावना र अनि स्वेट इक्विटीमा १०० प्रतिशत छुट अनि आयकरमा समेत छुटले निम्न वर्गका युवा पनि स्वदेशमा नै लाभान्वित हुने प्रशस्त सम्भावना देखिएको छ जुन सकारात्मक कुरा हो।

तर करको उच्च दरको सीमा घटाउनुको सट्टा सामाजिक सुर॥ को॥, म्युचुअल फन्ड जस्ता को॥मा गरेको लगानीमा कर छुटको सीमा हटाइदिएको भए बचत र लगानी अझ बढ्ने थियो, प्रगतिशीलता पनि अझ कायम हुनेथियो तर यतातिर बजेटले ध्यान दिएको छैन।

कर प्रणालीको प्रगतिशीलता मापन गर्ने अर्को महत्वपूर्ण सूचक भनेको राज्यले उठाएको कर तिर्न नसक्ने वर्ग वा समाजको वञ्चित वर्गको उत्थानमा कसरी खर्च गरिएको छ भन्ने हो। यस दृ॥टले हेर्दा प्रत्य॥ कर घटाउँदा उत्पन्न हुने राजस्व खाडल पूर्ति गर्न यो बजेटले अहिले विद्यमान व्यवस्थामा थप गरी अप्रत्य॥ कर र आन्तरिक ऋणको सहारा लिएको छ।

बजेटले उपभोगमा आधारित करको दायरा विस्तार गर्ने कदम चालेको छ। जस्तैः विद्युत्मा ५० युनिट भन्दा माथि ५ प्रतिशत मूअक, अनि निजी शै॥क संस्थाका विद्यार्थीमाथि र निजी अस्पतालमा जाने बिरामी माथि समेत सेवा शुल्क लिने जस्ता नयाँ प्रस्ताव समावेश छन

यी अप्रत्य॥ करले निजी शि॥ र स्वास्थ्य सेवा महँगो बनाउनेछन् र विद्युत् महसुलमा थपिने मूअकले समग्र मुद्रास्फीति बढाउने छ। त्यसको भार पनि सबै उपभोक्ताले व्यहोर्नुपर्नेछ।

नेपालमा सार्वजनिक शि॥ र स्वास्थ्यको पहुँच र गुणस्तर दुवै तुलनात्मक रूपमा न्यून छ। त्यसैले निम्न तथा निम्न मध्यम वर्गले दुःख गरेरै भए पनि आफ्ना बच्चालाई राम्रो शि॥ दिन अनि राम्रो स्वास्थ्य उपचार पाउन निजी विद्यालय र अस्पताल प्रयोग गर्छन धेरैजसो अवस्थामा यो उनीहरूको विकल्प होइन, अनिवार्यता हो।

सामाजिक न्याय र प्रगतिशीलताको हिसाबले विलासी उपभोग (जस्तै बियर, ह्विस्की) मा जस्तो अनिवार्य सेवा र संवैधानिक मौलिक हकमा थप शुल्क लगाउनुको औचित्य पु॥ट गर्न गाह्रो पर्छ किनकि रसेल लंगले भने झैं हरेक करको दरले समाजको निश्चित समूह र शक्ति सम्बन्ध प्रतिनिधित्व गर्छ।

राजनीतिक रूपमा यो बजेट रा॥ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को घो॥णापत्रसँग मेल खान्छ। रास्वपाले मध्यम वर्गको उत्थान र करका दर कटौतीको प्रतिबद्धता सार्वजनिक रूपमा नै जनाएको थियो।

तसर्थ राजनीतिक रूपमा यो आफूले गरेका प्रतिबद्धतालाई पूरा गर्न प्रयास गर्ने इमानदार बजेट हो भन्दा अत्युक्ति नहोला। तर व्यावहारिक रूपमा भन्दा नेपालको सन्दर्भमा मध्यम वर्गको परिभा॥ अस्प॥ट मात्र होइन स्वीकार्य परिभा॥को समेत अभाव छ।

बजेटले भने मुख्यतः उच्च तथा मध्यम तलब खाने तलबकर्मी र निश्चित वर्ग तथा ॥त्रका व्यवसायीहरूलाई ल॥त गरेको छ। यसले उपभोग प्रोत्साहित गरेर अर्थतन्त्र चलायमान बनाउने सरकारको उद्देश्य स्प॥ट हुन्छ जुन अर्थशास्त्रको “ट्रिकल डाउन”को सिद्धान्तसँग मेल खान्छ। त्यो भनेको धनी या उच्च वर्गलाई सहुलियत दिंदा उपभोग सँगसँगै बचत तथा लगानी बढ्छ र त्यसबाट कम आय भएकाहरूको रोजगार र आम्दानी स्वतः बढ्छ भन्ने हो तर विश्वव्यापी रूपमा यो सिद्धान्तका आलोचकहरूले यसले आयको असमानता थप बढाउने र गरिबीको दुश्चक्र कायम राख्ने भनी प्रश्न उठाउँछन् र वर्तमान विश्वमा यो लगभग असफल भइसकेको सिद्धान्त हो।

प्रगतिशीलताको अर्को मापन आयको पुनर्वितरण हो। यो बजेटले एकाध अपवाद (जस्तै दलितको छात्रवृत्ति दोब्बर पार्ने जस्ता) बाहेक आयको पुनर्वितरण मार्फत २० प्रतिशत भन्दा बढी रहेको निरपे॥ गरिबी अनि चरम रूपमा व्याप्त सामाजिक असमानता घटाउने उद्देश्य राखेको छैन। यसर्थ यो बजेट पढ्दा आर्थर ओकनको “लिकी बकेट” सिद्धान्त सम्झिइन्छ जसले पुनर्वितरणको प्रक्रियामा स्रोतको चुहावट व्यापक हुने भएकोले आयको पुनर्वितरणले कहिल्यै पनि विपन्नलाई माथि उठाउन सक्दैन भन्ने विश्वास गर्दछ।

तर नेपाल जस्तो उच्च आय तथा सामाजिक असमानता र कमजोर सामाजिक सुर॥ भएको देशमा आयको न्यायिक पुनर्वितरण एउटा अपरिहार्य आवश्यकता भएको बिर्सन हुँदैन। यसरी हेर्दा उपभोगको लागि मूलतः विदेशी आयातमा भर पर्ने हाम्रो अर्थतन्त्रमा संरचनागत परिवर्तन विना अर्थतन्त्र सुधार्ने ल॥य एउटा साहसिक प्रयोग मात्र हुने त होइन ? भन्ने शंका उब्जनु स्वाभाविक छ।

बजेटमा दृ॥ट र आकां॥ झल्किन्छ तर भूमि, कृ॥ अनि उत्पादनमूलक उद्योग जस्ता आम्दानी र रोजगार बढाउने ॥त्र अनि सीमान्त वर्गलाई प्रोत्साहन र पुनर्वितरणको लाभमा समावेश नगरेर सेवामूलक उद्योग र उपभोगमा मात्र जोड दिएर दीर्घकालमा आम्दानी र रोजगार कसरी बढ्छ भन्ने स्प॥ट खाका देखिँदैन। त्यसो भएपछि वर्तमान उत्पादन र शक्तिसम्बन्ध परिवर्तन हुने कुरा पनि भएन।

बजेट आर्थिक दस्तावेज मात्र होइन यो राजनीतिक दस्तावेज पनि हो, त्यस अर्थमा घो॥णापत्रको कार्यान्वयनमा इमानदार देखिए तापनि संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र, सामाजिक न्याय अनि आम्दानी तथा स्रोतको न्यायोचित वितरण जस्ता शब्दावली र मर्म, यो बजेटका लागि मार्गदर्शक होइनन यसर्थ उपभोगमा जोड दिएको बजेटले बहुसंख्यक जनतालाई करको भारबाट तेर्सो र ठाडो न्याय दिन सकेको छैन र आम्दानीको पुनर्वितरणमा चुकेको छ जसबाट ठोस रूपमा रोजगार र आम्दानी बढ्ने अपे॥ गर्न सकिँदैन।

यस प्रकार हेर्दा नयाँ सरकारको कर नीतिका महत्वपूर्ण बदलाबहरू सामाजिक न्याय र प्रगतिशीलताको मापनमा कमजोर छन्। तैपनि राजनीतिक रूपमा देखाइएको इमानदारी कम्तीमा ५ व॥ कार्यान्वयन हुनसकोस्। अनि रसेल लंगले भनेको जस्तो यो र रास्वपा सरकारका आगामी व॥का बजेट र करको राजनीतिक अर्थशास्त्र “...ट्याक्स द फेलो बिहाइन्ड द ट्री” मात्र नबनुन् भन्ने अपे॥ सहित बजेटले आफ्नो गन्तव्य प्राप्त गरोस् ! साभारः अनलाइनखबरडटकम

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सरकारको १०० दिन पुग्न लाग्दा शासकीय सुधारका प्रयासमाथि उठेका प्रश्न



काठमाडौं १६ असार । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको मन्त्रिमण्डलले शपथग्रहण गरेसँगै १०० भित्र गरिने भनेर सार्वजनिक गरेको १०० वटा शासकीय सुधारका कार्यसूचीको कार्यान्वयनमा कतिपय पक्षहरू सकारात्मक देखिएपनि विधि र पद्धतिमाथि विभिन्न प्रश्नहरू उठेका छन्।

भदौ २४ गतेको घटना छानबिन गर्न उच्चस्तरीय छानबिन समिति एक हप्ता भित्र गठन गर्ने सहित कैयौं प्रतिबद्धता कार्यान्वयन नभएको उक्त कार्यसूचीका अधिकांश बुँदाहरू कार्यान्वयन भइसकेको वा कार्यान्वयनको प्रक्रियामा रहेको सरकारी अधिकारीहरू बताउँछन्।

उक्त कार्यसूचीमा संविधान संशोधन बहसपत्र तयार पार्न कार्यदल गठन गर्ने, दलहरूका घोषणापत्रका आधारमा साझा प्रतिबद्धता तयार पार्ने, सार्वजनिक सेवालाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने लगायतका प्रतिबद्धता जनाइएका छन्।

संविधान र कानुन परिमार्जनका लागि छलफलहरू चलिरहँदा यो बीचमा सरकारले निजामती प्रशासनमा ट्रेड युनियन हटाएको छ भने पूर्व प्रधानमन्त्रीदेखि बहालवाला उच्च पदस्थ अधिकारीहरूका सम्पत्ति छानबिन गर्न आयोग गठन गरेको छ।

सरकारको १०० दिन पुग्न लाग्दा यी प्रतिबद्धता कार्यान्वयन अपारदर्शी ढङ्गले अघि बढेको र सरकारको सल्लाहकार समूह सक्रिय हुँदा निजामती प्रशासनको मनोबल गिरेको जस्तो देखिएको भनि आलोचना पनि भएको छ।

तर प्रधानमन्त्री कार्यालयका प्रवक्ताले सबैले आफ्नो जिम्मेवारी अनुसार भूमिकाहरू वहन गर्ने भन्दै शासकीय सुधारमा भएका प्रगतिबारे नियमित रूपमा जानकारी सङ्कलन गर्ने गरिएको र अद्यावधिक प्रतिवेदन सार्वजनिक गर्ने सोच रहेको बताए।

### *विज्ञहरूले के भनिरहेका छन्?*

सुशिला कार्की नेतृत्वको सरकारले गठन गरेको सुशासन मार्गचित्र तर्जुमा कार्यदलका सदस्य नारायण अधिकारी भन्छन्, "अपारदर्शिता, भ्रष्टाचार र लुटतन्त्रको विरोधको जगमा यो सरकार आएको हो। तर यही सुधारको प्रक्रियामा पनि उनीहरू कुन रूपमा अघि बढीरहेका छन्, कस्ता मानिसहरू यसमा संलग्न छन् भनेर थाहा पाउन अहिले गाह्रो छ।"

"यो सम्पूर्ण प्रक्रिया नै अपारदर्शी जस्तो देखिन्छ। नियत सही भएपनि प्रक्रिया आपरदर्शी हुँदा त्यसलाई पूर्ण सफलताको रूपमा म लिन्न।"

उनले सुधारका कदमहरू चाल्न ठोस समयसीमासँगै विधि र प्रक्रिया महत्त्वपूर्ण रहेको धारणा राख्दै उपयुक्त वैकल्पिक व्यवस्था बिना सुकुम्वासीहरूको व्यवस्थापनमा सरकार विफल भएको धारणा राखे। १०० बुँदे कार्यसूचीमा ६० दिनभित्र डिजिटल तथ्याङ्क सङ्कलन गर्ने र १००० दिनभित्र वास्तविक सुकुम्बासीलाई चरणबद्ध रूपमा जग्गा वा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउने उल्लेख गरिएको छ।

अधिकारी थप्छन्, "विधि र प्रक्रिया झन्झटिलो छ र त्यसका नाममा दु:ख दिने अभ्यास पनि छ भन्ने सबैलाई थाहा छ। सबभन्दा राम्रो के हुन्थ्यो भने कुन कुन विधि, कुन कुन प्रक्रियाहरूले उनीहरूलाई व्यवधान सृजना गरेको छ, त्यो पहिचान गरेर यति धेरै सांसद्हरू छन्, संसद्मार्फत बरु छोटो प्रक्रिया अवलम्बन गरेर पनि सुधार गर्न सकिन्छ। त्यसो नगर्ने हो भने निर्णय गरिसकेपछि भोलि सरकार त्यसमा सफल हुन नसक्ने वा पछि फर्कुनपर्ने अवस्था आउनसक्छ।"

उनले अहिले नै पनि सरकार कतिपय अवस्थामा 'रक्षात्मक' देखिएको भन्दै थपे, "रक्षात्मक हुँदै जाँदा सरकारको विश्वसनीयता घट्दै जान्छ। सरकारप्रतिको भरोसा घटेर पुरानाहरूले जसरी शासन गरेका थिए, त्यही बाटोबाट अघि बढ्दा यो परिवर्तनको के अर्थ रह्यो र? रहेन नी।"

पूर्व प्रधानमन्त्रीदेखी पूर्व न्यायाधिश र संवैधानिक निकायका अध्यक्ष र सदस्यसहित हजारौंको सम्पत्ति जाँच गर्न गठन गरिएको भनिएको सम्पत्ति छानबिन आयोगको क्षेत्राधिकारलाई लिएर विवादहरू उत्पन्न भएका छन्।

अधिकारी विभिन्न मन्त्रालयहरूले १० प्रमुख कार्यसहित नतिजामा आधारित शासकीय प्रबन्ध गर्ने प्रतिबद्धता १०० बुँदे कार्यसूचीमा गरिएको भएपनि कुन मन्त्रालय र त्यहाँका कुन अधिकारीले कस्ता कामको नेतृत्व गरिरहेको त्यो अपारदर्शी रहेको बताउँछन्।

### *पूर्व सचिवका नजरमा शासकीय सुधारका प्रयास*

पूर्व सचिव गोपीनाथ मैनाली सय दिन पुग्न लाग्दा धेरै कुराहरू सकारात्मक देखिएको भएपनि सरकार 'अझ बढी परिपक्व हुनुपर्ने आवश्यक्ता रहेको ठान्छन्।

उनले भने, "अहिलेको सरकार आफै अनियमिततामा लागेको मलाई जानकारी छैन त्यही भएर यी कुरा राम्रा भए। ताजा सुरुवात गर्न खोजेका छन् त्यसलाई म राम्रो मान्छु। तर बजेट निर्माण, विभिन्न क्रियाकलापहरूको सञ्चालन भयो वा सार्वजनिक संस्थानहरू निर्माण वा विनिर्माणको कुराहरू भयो त्यसमा अझ परिपक्वताको आवश्यकता देख्छु।"

उनले निजामती प्रशासनमा ट्रेड युनियन हटाउने निर्णयले एक प्रकारको राजनीतिक हस्तक्षेप हटेको तर नयाँ सरकारसँगै सिंहदरवार प्रवेश गरेका सचिवालय सदस्य र सल्लाहकारका रूपमा अर्को खालको राजनीतिक हस्तक्षेप हाबी हुने जोखिम आफूले देखेको बताए।

उनले भने, "मन्त्रीको घरमा बसेर भेटघाटहरू व्यवस्थापन गर्ने व्यक्तिलाई कानुनको फ्रेममा ल्याएर सिंहदरवारमा राख्नुहुँदैन्। ठूलो सङ्ख्यामा सल्लाहकारहरू राख्ने, सचिव बराबरको सल्लाहकारहरू राख्ने अथवा धेरै विज्ञहरू राख्ने गर्दा यसले अर्को प्रकारको संस्थागत राजनीतिकरणको सुरुवात गर्ला कि भन्ने डर मलाई लागेको छ।"

शासकीय सुधारको कार्यसूचीमा सार्वजनिक प्रशासनलाई पूर्णत: राजनीतिक हस्तक्षेप मुक्त बनाउँदै कर्मचारी, शिक्षक र राष्ट्रसेवकले कुनै पनि दल वा स्वार्थसमूहसँग आबद्ध नभई सेवा प्रवाह गर्नुपर्ने उल्लेख गरिएको थियो।

सरकारले ४५ दिनभित्र सङ्घीय निजामती सेवा विधेयक ल्याउने भनेको भएपनि पछि अध्यादेशबाट कानुन संशोधन गर्ने बाटो रोजेको थियो। उक्त कार्यसूचीमा लगानी र निजी क्षेत्रलाई प्रोत्साहित गर्न विभिन्न बुँदाहरू पनि राखिएका थिए।

तर पूर्व सचिव मैनाली लगानीकर्ताहरू आश्वस्त नभएको जस्तो आफूलाई लागेको बताउँछन्।

उनले थपे, "मैलै कारबाही नगर्ने भनेको होइन। तत्कालको झम्टाई भन्दा पनि क्रमिक रूपमा सुधार गर्दै त्यसलाई ट्र्याकमा ल्याउने नीति हामीले लिनुपर्छ। बिचौलियामाथि कदम चाल्नुपर्छ। तर लगानीकर्ताहरू नै डराउन थाले भने त्यसले हाम्रो समृद्धि र सुशासनको लामो गन्तव्यलाई प्रभावित तुल्याउन सक्छ।"

प्रधानमन्त्री वालेन्द्र शाहले हालै पार्टीको महाधिवेशनमा आफ्नो सरकार एक्सप्रेस वेमा हिँडिरहेको गाडी जस्तै भएको भन्दै सरकारी सम्पत्ति दोहन भएको अवस्थामा आफ्नो सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सोधपुछ गर्ने टिप्पणी गरेका थिए।

खासगरी उनको सचिवलायका पदाधिकारीले राहदानी छपाई सम्बन्धी प्रकरणमा अख्तियारलाई दबाब दिएका भन्ने विवरणमाझ प्रधानमन्त्रीले भनेका थिए, "विगतका दिनहरूमा कुनै फट्याइँ भएको छ, सरकारी सम्पत्तिको दोहन भएको छ, सरकारी रकमको दोहन भएको छ भने त्यहाँ निहुँ खोज्नु जरुरी हुन्छ। त्यो निहुँ खोज्छौं हामी। त्यो निहुँ खोज्दै गर्दा अख्तियारलाई सोधपुछ गर्नुपर्छ, सरसल्लाह लिनुपर्छ भने हामी पाँच घण्टा मात्रै होइन पाँच वर्ष नै गर्छौं।"

त्यस प्रसंगमा संसद्प्रति उत्तरदायी हुने संवैधानिक निकायका पदाधिकारीलाई काम 'अह्राउने' अधिकार प्रधानमन्त्रीसँग नभएको भन्दै विज्ञहरूले आपत्ति जनाएका थिए।

### *प्रधानमन्त्री कार्यालय के भन्छ?*

प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्याल विभिन्न मन्त्रालयबाट प्रगति विवरण सङ्कलन गरेर आफूहरूले एउटा प्रतिवेदनजस्तो बनाएको बताउँछन्।

उनले भने, "धेरै जसो कामहरू सुरुवात भइसकेको देखिएका छन्। कतिपय काम भइसकेका र कतिपय काम सुरुवात भएका तर सम्पन्न हुने चरणमा रहेको देखिन्छन्। सबैको परिणाम देखिने बेला पनि भइसकेको छैन।

विगतमा सुरुवात गरेका कामहरूलाई निरन्तरता दिने र आगामी दिनमा पनि सुधारमा केन्द्रित भएर नै अघि बढ्ने भन्ने नीति छ।"

उनले यसपालि धेरै अध्यादेशहरू आएर ती अनुसार कतिपय कामहरू अघि बढेको भन्दै अर्को वर्षका लागि कानुन मन्त्रालयमा छलफल गरेर प्रस्तावित कानुनहरूको सूची तयार गरिएको बताए।

अधिकारीहरूले कार्यान्वयन भइसकेका कार्यसूचीका सङ्ख्यात्मक विवरणबारे जानकारी दिएका छैनन्। तर भदौ २४ गते भएको आगजनी र तोडफोडबारे जाँच गर्न एक साताभित्र गठन गर्ने भनिएको समिति नबनेकोबारे प्रधानमन्त्री कार्यालयका प्रवक्ता अर्यालले भने, "यो राजनीतिक विषय भयो। यसमा मैले केही टिप्पणी गरिनँ। मैले त कमिटी बनेका, काम अघि बढेका भन्ने विषयमा मात्रै भन्ने भएँ।"

सबै मन्त्रालयलाई बोलाएर तयार गरिएको भनिएको उक्त प्रतिवेदनमा कुन कार्यसूचीमा कति प्रगति भयो भन्ने विवरणात्मक जानकारी समेटिएको बताइएको छ।

कार्यसूचीमा राहदानी, नागरिकता प्रतिलिपि र लाइसेन्स लगायतका सरकारी कागजपत्र १०० दिनभित्र सेवाग्राहीको घर घरमै पठाउने व्यवस्था गरिने उल्लेख थियो। त्यसमा प्रगति भएको प्रधानमन्त्री कार्यालयका प्रवक्ता अर्यालले थपे, "राहदानी विभाग र हुलाक सेवा विभागबीच अनलाइन ट्र्याकिङको ढाँचा बनाउने भएर मोडालिटिमा काम भइरहेको बुझिएको छ।"

भ्रष्टाचार विरूद्धको राष्ट्रिय कार्ययोजना १५ दिनभित्र जारी गर्ने, १० वर्ष वा सो भन्दा बढी समयदेखि निष्क्रिय रहेका ब्याङ्क खाताबाट हकवालाले दाबी नगरेका रकम कानुनी प्रक्रिया पुरा गरी राज्य कोषमा ल्याउने बुँदाहरू पनि कार्यान्वयन भएका छैनन्।

त्यसबारे अर्यालले थपे, "त्यो कार्ययोजना हामीले पहिले नै तयार गरिसकेका थियौं। अहिले यो मन्त्रिपरिषद्को समितिमा छलफलमा छ। निष्क्रिय ब्याङ्क खाताबारे काम अघि बढेको तर सम्पन्न भई नसकेको भन्ने कुरा अर्थ मन्त्रालयबाट आएको छ।"

प्रधानमन्त्री तथा मन्त्रीहरूका सचिवालयमा रहेका व्यक्तिहरू निजामती प्रशासनमा हाबी भएका भन्ने आरोपबारे प्रधानमन्त्री कार्यालयका प्रवक्ताले 'सबैको आ-आफ्नो जिम्मेवारी रहेको र त्यही अनुसार सबैले आफ्नो काम गरिरहेको' बताए। बीबीसी/नेपालीबाट

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# वनसँगै वन्यजन्तु संरक्षणमा पनि समान प्राथमिकता : मन्त्री चौधरी



दैनिक समाचारदाता
जनकपुरधाम, १६ असार । वन संरक्षणसँगै वन्यजन्तुको संरक्षणलाई पनि समान प्राथमिकतामा राख्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्।

वन विनाश, चुरे क्षेत्रको बढ्दो दोहन, वन्यजन्तुको बासस्थानमा परेको असर तथा सीमित बजेटका कारण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहेको निष्कर्षसहित डिभिजन वन कार्यालय धनुषाले वन तथा वन्यजन्तु व्यवस्थापनसम्बन्धी अन्तरक्रियात्मक गोष्ठी आयोजना गरेको हो। डिभिजन वन कार्यालय धनुषाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत आयोजित गोष्ठीमा मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरी प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रम चुरे नदी प्रणाली संरक्षण सरोकार पत्रकार समाजको सहजीकरण तथा नेपाल पत्रकार महासंघ धनुषाको समन्वयमा सम्पन्न भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले वन संरक्षणको चर्चा मात्र पर्याप्त नहुने भन्दै वन्यजन्तुको संरक्षणलाई पनि समान महत्व दिनुपर्ने बताए। वन र वन्यजन्तु एकअर्काका परिपूरक भएकाले वन जोगाएर मात्र दिगो वातावरण संरक्षण सम्भव नहुने उनको भनाइ थियो।

उनले प्रदेश सरकारले वन तथा वातावरण संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै सीमित स्रोत(साधनका बाबजुद संरक्षण अभियानलाई निरन्तरता दिइएको बताए। हरियो वन तथा चुरे क्षेत्र संरक्षणमा बजेट अभाव प्रमुख चुनौती रहे पनि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै काम भइरहेको उनले स्पष्ट पारे।

मन्त्री चौधरीले आफू सार्वजनिक जिम्मेवारीमा पारदर्शी ढंगले काम गरिरहेको दाबी गर्दै कुनै कमजोरी वा त्रुटि देखिए तथ्यका आधारमा औंल्याउन सञ्चारमाध्यमलाई आग्रह गरे। सत्य र तथ्यमा आधारित पत्रकारिताले सरकारलाई अझ उत्तरदायी बनाउन सहयोग पुग्ने उनको भनाइ थियो।

कार्यक्रममा सहभागी वन क्षेत्रका अधिकारीहरूले चुरे संरक्षण, अवैध वन पैदावार ओसारपसार नियन्त्रण, वन अतिक्रमण रोकथाम, वन डढेलो नियन्त्रण तथा सामुदायिक वनको प्रभावकारी व्यवस्थापनका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको धारणा राखे। उनीहरूले वन संरक्षणसम्बन्धी नीति प्रभावकारी भए पनि बजेट, जनशक्ति र प्राविधिक स्रोतको अभावका कारण कार्यान्वयनमा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ भइरहेको बताए।

वक्ताहरूले जलवायु परिवर्तनको प्रत्यक्ष असर वन क्षेत्रमा देखिन थालेको उल्लेख गर्दै वन विनाशसँगै जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान जोखिममा पर्दै गएको बताए। वन संरक्षणलाई स्थानीय समुदाय, सञ्चारमाध्यम र सम्बन्धित निकायको साझा अभियानका रूपमा अघि बढाउनुपर्नेमा उनीहरूले जोड दिए।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले वन तथा वातावरणसम्बन्धी समाचार तथ्यपरक र जिम्मेवार ढंगले सम्प्रेषण गर्नुपर्ने बताउँदै जनचेतना अभिवृद्धिमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने धारणा राखे।

कार्यक्रममा वन कार्यालयका कर्मचारी, प्रदेश वन निर्देशनालयका प्रतिनिधि, पत्रकार, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा वातावरण संरक्षणसँग सम्बन्धित विभिन्न सरोकारवालाको सहभागिता रहेको थियो।

# नेप्से परिसूचक २४.६३ अङ्कले घट्यो



दैनिक समाचारदाता
काठमाडौं, १६ असार । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि ओरालो लागेको छ ।
नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २४ दशमलव ६३ अङ्कले ओरालो लागेर दुई हजार ६०८ दशमलव ३३ मा सीमित भएको छ ।
ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य चार अङ्कले ओरालो लागेर ४५२ दशमलव ७९ अङ्कमा सीमित भएको छ ।
कूल ३६५ कम्पनीको ८७ लाख ३७ हजार ३९२ कित्ता शेयर रु तीन अर्ब २५ करोड ८७ लाख ५८ हजार १४ मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, कारोबारका आधारमा सिद्धार्थ बैंक शीर्ष स्थानमा छ ।
टक्सार पिखुवा खोला हाइड्रोपावर, आँखु खोला जलविद्युत् कम्पनी, एनआरएन इन्फ्रास्ट्रक्चर, याम्बलिङ हाइड्रोपावर शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।
नेप्सेका अनुसार स्नो रिभर लिमिटेड, कर्पोरेट डेभलपमेन्ट बैंक, स्वाभिमान लघुवित्त, स्ट्याण्डर्ड चार्टड बैंकको डिबेञ्चर र सिर्जनशील लघुवित्तका लगानीकर्ताले कमाएका छन् ।
टक्सार पिखुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, सोपान फर्मासिटिकल्स, श्रीनगर एग्रीटेक र पियोर इनर्जीका लगानीकर्ताले भने गुमाएका छन् । रासस

## बोक्सी कुप्रथा......

रौतहट, धनुषा, महोत्तरी र पर्सा जिल्लाका १४ स्थानमा बोक्सीको आरोपसँग सम्बन्धित घटनाहरू भएका छन्। ती घटनालाई आधार बनाएर प्रभावित बस्तीमै पुगेर जनचेतना, कानुनी साक्षरता तथा वृत्तचित्र प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार अभियानमार्फत बोक्सी कुप्रथाविरुद्ध जनचेतना फैलाउनुका साथै बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन, २०७२ का कानुनी व्यवस्थाबारे पनि सर्वसाधारणलाई जानकारी गराइएको छ। आगामी दिनमा देशभर करिब २०० स्थानमा यस्ता कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो।

'मान्छे कहिल्यै बोक्सी हुँदैन' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले २०७१ सालदेखि देशव्यापी रूपमा बोक्सी कुप्रथा उन्मूलन अभियान सञ्चालन गर्दै आएको छ।

प्रतिष्ठानले जनचेतनामूलक प्रशिक्षण, वृत्तचित्र प्रदर्शन, कानुनी सचेतना तथा पीडितहरूको सम्मानमार्फत समाजमा व्याप्त अन्धविश्वास, विभेद र हिंसा अन्त्य गर्ने अभियानलाई निरन्तरता दिँदै आएको जनाएको छ।

# 'खेलाडीको शारीरिक विकासमा राज्यले ध्यान दिनुपर्छ' : ओली



दैनिक समाचारदाता
काठमाडौं, १६ असार । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपाली खेलाडीको शारीरिक विकास र पोषणमा राज्यले विशेष ध्यान दिनुपर्ने बताएका छन्। उनले खेलाडीको क्षमता अभिवृद्धिका लागि पर्याप्त पोषण, प्रशिक्षण र आवश्यक पूर्वाधार सुनिश्चित गर्न सरकार जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गरे।

नेपाल खेलकुद विकास महासंघको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले खेलकुद क्षेत्रको विकासमा सरकारको ध्यान पर्याप्त नरहेको टिप्पणी गरे। उनले नेपाली खेलाडीको शारीरिक बनोट र क्षमता अभिवृद्धिमा लगानी आवश्यक रहेको उल्लेख गर्दै भने, "खेल विकासका लागि समग्र नेपालीको शारीरिक विकासमा ध्यान दिनुपर्छ। खेलाडी खान नपाएर कमजोर हुने अवस्था हुनुहुँदैन। यसतर्फ सरकारले गम्भीर हुनुपर्छ।"

अध्यक्ष ओलीले सरकार एन्फा (अखिल नेपाल फुटबल संघ) को समस्या समाधान गर्नुभन्दा अन्तर्राष्ट्रिय प्रतिबन्धतर्फ उन्मुख भएको आरोपसमेत लगाए। उनले खेलकुद क्षेत्रमा देखिएका समस्याको समाधान सतही रूपमा नभई संरचनागत सुधारमार्फत खोजिनुपर्नेमा जोड दिए। उनले एन्फामाथिको प्रतिबन्ध हटाएर नेपाली खेलाडीले अन्तर्राष्ट्रिय स्तरमा देशको नाम चिनाउने वातावरण बनाउन नेपाल खेलकुद विकास महासंघलाई सक्रिय भूमिका खेल्न आग्रह गरे।

देशको समग्र अवस्था कमजोर हुँदा खेलकुद क्षेत्र मात्र अलग्गै रूपमा अघि बढ्न नसक्ने उल्लेख गर्दै ओलीले भूकम्प र कोभिड-१९ महामारीपछि मुलुकलाई पुनः उकास्ने प्रयास भइरहेको बेला हिंसा र तोडफोडले विकासमा बाधा पुगेको दाबी गरे।

त्यसक्रममा उनले 'जेनजी आन्दोलन'लाई हिंसात्मक गतिविधिका रूपमा टिप्पणी गर्दै यस्ता कार्यलाई वैधानिकता दिन नहुने धारणा व्यक्त गरे।

सम्बोधनका क्रममा अध्यक्ष ओलीले राष्ट्रिय एकता र देशप्रेमलाई सबैभन्दा माथि राख्नुपर्नेमा जोड दिँदै न्यायपूर्ण र सबैलाई समेट्ने राज्य व्यवस्था निर्माणतर्फ अघि बढ्नुपर्ने बताए। "देशभन्दा ठूलो केही छैन। सबैभन्दा पहिले राष्ट्र हो," उनले भने।

# नागरिकमुखी प्रहरी सेवामा जोड



दैनिक समाचारदाता
सर्लाही, १६ असार । मधेश प्रदेशका प्रहरी प्रमुख तथा प्रहरी नायब महानिरीक्षक (डिआइजी) ओमप्रसाद अधिकारीले नागरिक सर्वोच्चतालाई केन्द्रमा राखेर प्रहरी सेवा प्रवाह गर्न सर्लाहीका प्रहरी अधिकारीहरूलाई निर्देशन दिनुभएको छ।
सोमबार जिल्ला प्रहरी कार्यालय सर्लाहीको निरीक्षणका क्रममा मलङ्वा पुग्नुभएका डिआइजी अधिकारीले नागरिकमैत्री प्रहरी सेवा, सुशासन र व्यावसायिक कार्यसम्पादनलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो।
हाले मधेश प्रदेश प्रहरीको नेतृत्व सम्हाल्नुभएका डिआइजी अधिकारीले प्रदेशका प्रहरी कार्यालयहरूको निरीक्षण गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीको अनुगमन गर्नुभएको हो। उहाँले सोही दिन सर्लाहीको पश्चिमी क्षेत्रमा रहेको जिल्लाकै पुराना प्रहरी युनिटमध्ये एक इलाका प्रहरी कार्यालय बरहथवाको पनि निरीक्षण गर्नुभएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो। निरीक्षणका क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रवीन्द्रनाथ पौडेल, डिएसपी वेदप्रसाद गौतम तथा इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख डिएसपी गोपीकृष्ण सुवेदीलगायतका प्रहरी अधिकारीहरूले जिल्लाको शान्ति-सुरक्षा अवस्था, अपराध नियन्त्रण तथा प्रहरीका गतिविधिबारे डिआइजी अधिकारीलाई जानकारी गराएका थिए। उक्त अवसरमा जिल्लाभरका प्रहरी युनिटका प्रमुखहरूलाई पनि सदरमुकाम मलङ्वामा बोलाएर सामूहिक ब्रिफिङ गरिएको थियो।
प्रवक्ता गौतमका अनुसार डिआइजी अधिकारीले प्रहरी अधिकृतहरूलाई समसामयिक सुरक्षा चुनौती, सेवा प्रवाह, अनुशासन तथा नागरिकसँगको व्यवहारलाई थप प्रभावकारी बनाउन आवश्यक निर्देशन दिनुभएको छ। उहाँले हाल मधेश प्रदेशका आठवटै जिल्लाका प्रहरी कार्यालयहरूको निरीक्षण तथा अनुगमनलाई निरन्तरता दिइरहनुभएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४